मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा-२०८२**

तहः बी.एड./छैटौं सेमेस्टर — पूर्णाङ्क : ६०

समयः ३ घण्टा — उत्तीर्णाङ्क : ३०

**विषयः नेपाली महाकाव्य (नेपा. ४६४)**

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्ने छ ।*

## समूह 'ख' — ६×५=३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. कविताका विभिन्न रूपको आधारमा महाकाव्यको सैद्धान्तिक चिनारी प्रस्तुत गर्नुहोस् ।

२. पूर्वीय मान्यताका आधारमा महाकाव्यका प्रमुख तत्त्वहरूको वर्णन गर्नुहोस् ।

३. महाकाव्यकार मोदनाथ प्रश्रितका महाकाव्यात्मक योगदान तथा प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।

**अथवा**

नेपाली महाकाव्यको विकासमा भानुभक्त आचार्यको योगदानको समीक्षा गर्नुहोस् ।

४. 'मकवानीबाला' महाकाव्यको मूल सन्देश प्रस्तुत गर्नुहोस् ।

५. भानुभक्तीय 'रामायण' को जीवनदर्शन र उद्देश्य प्रस्ट्याउनुहोस् ।

६. 'मानव' महाकाव्यको शीर्षक सार्थकता देखाउनुहोस् ।

**अथवा**

सप्रसङ्ग व्याख्या गर्नुहोस्

"भोलिपल्ट पसिन् आमा सबेरै मन जाच्नको
इच्छा गरी, बसी सोधिन् तिम्रो मन सुलोचना
पर्‍यो परेन वा के भो बिहा छिन्ने कुरा चल्यो
पक्कापक्की भएझैं भो के भन्छ्यौ अब के गरुँ"

## समूह 'ग' — २×१० = २०

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।**

७. आधुनिक नेपाली महाकाव्यको विकास प्रक्रियामा देखा परेका प्रमुख मोड तथा तिनका प्रवृत्तिहरूको समीक्षात्मक विश्लेषण गर्नुहोस् ।

८. नेपाली साहित्यका फाँटमा 'रामायण' महाकाव्यले भित्र्याएका महाकाव्यगत विशेषताहरू के के हुन् ? विवेचना गर्नुहोस् ।

**अथवा**

पूर्वीय मान्यताका आधारमा 'सुलोचना' महाकाव्यलाई प्रष्ट पार्दै यसको जीवनदर्शन र उद्देश्यको विवेचना गर्नुहोस् ।

**समाप्त**

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा-२०८२

तहः बी.एड./छैटौं सेमेस्टर

विषयः नेपाली महाकाव्य (नेपा. ४६४)

---

रोल नं. ....................

समूह 'क' १०×१ = १०

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस्।**

१. कविताका उपविधामध्ये महाकाव्यको स्वरुप कुनसँग सम्बन्धित छ ?

(क) पर्याबन्ध (ख) .लयबद्ध

(ग) सङ्घात (घ) सर्गवन्ध

२. तलका मध्ये कुन महाकाव्य गद्य लयमा लेखिएको छ ?

(क) मानव (ख) प्रमिथस

(ग) सुलोचना (घ) चिसो चुलो

३. नेपाली महाकाव्यको माध्यमिक कालको मूल प्रवृत्ति कुन हो ?

(क) परिस्कार (ख) शृङ्गार

(ग) भक्ति (घ) प्रयोग

४. महाकवि उमानाथ शास्त्रीको प्रमुख प्रवृत्ति कुन हो ?

(क) परिस्कारवादी (ख) स्वच्छन्दतावादी

(ग) स्वच्छन्दतावादी–प्रगतिवादी (घ) प्रगतिवादी

५. 'सुलोचना' महाकाव्यको मूल स्वर के हो ?

(क) रुढिवादी परम्परा त्याग्नुपर्छ। (ख) प्रेम सबथोक होइन।

(ग) कुलघरानको इज्जत राख्नुपर्छ। (घ) प्रेम नै जीवन हो।

६. 'रामायण' महाकाव्यको सर्गविधान कति सर्गमा गरिएको छ ?

(क) १५ (ख) १२

(ग) ७ (घ) ८

७. 'मकवानी वाला' महाकाव्यमा समावेश विषयवस्तु कुन हो ?

(क) सामाजिक (ख) सांस्कृतिक

(ग) ऐतिहासिक (घ) राजनीतिक

८. नेपाली महाकाव्यको इतिहासमा कुन समयावधिलाई स्वर्णकाल मानिएको छ ?

(क) वि.सं. १९७५ - १९९१ (ख) वि.सं. २००० - २००३

(ग) वि.सं. २००० - २००६ (घ) वि.सं. २००० - २०१६

९. 'मानव' महाकाव्यमा मुख्यत: के कुराको चित्रण गरिएको छ ?

(क) लैङ्गिक विभेद (ख) जातीय विभेद

(ग) वर्गीय विभेद (घ) सामाजिक यथार्थता

१०. 'रामायण' महाकाव्यको प्रमुख प्रयोजन के हो ?

(क) धर्म (ख) अर्थ

(ग) काम (घ) मोक्ष